अन्तिम लेखापरीक्षण प्रतिवेदन

भीरकोट नगरपालिका
स्याङजा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

भीरकोट नगरपालिका

स्याङ्जा

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

भीरकोट नगरपालिका

स्याङ्जा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ जेठ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
गण्डकी प्रदेश

मितिः२०८१।२।११

प.सं. २०८०।८१

च.नं. ३६

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू

भीरकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

स्याङजा ।

१. **कैफियत सहितको राय –** हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.५ करोड १४ लाख ६२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु २ करोड ५४ लाख ८३ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू ६ लाख ७४ हजार प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ८० लाख ५ हजार, नियमित गर्नुपर्ने रु. करोड ६ लाख ३२ हजार र पेश्की बाँकी रु. ९ लाख ७९ हजार समेत रु.२ करोड ५९ लाख ७९ हजार रहेको छ । भीरकोट नगरपालिकाको गतवर्ष सम्म रु. ४ करोड १२ लाख ६ हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष सम्परीक्षण बाट रु. १ करोड ४४ लाख ४२ हजार फस्यौंट भई हालसम्मको अद्यावधिक

बेरुजू रु. ५ करोड २७ लाख ४३ हजार रहेको छ । **भीरकोट नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने भीरकोट नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी भीरकोट नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे)

नायब महालेखापरीक्षक

भीरकोट नगरपालिका,

स्याङ्जा ,जिल्ला

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
३७	४०	५१४६२	०	९	२५४८३	३७	३१	२५९७९	६७४	६३२०	१८००५	०	०	२९७६	९७९

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
स्याङजा	४१२०६	०	१४४४२	२६७६४	०	२५९७९	५२७४३

३. बेरुजु सम्परीक्षणको विवरण

क्र. सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
	२०७९।८० (चालु वर्षको)			
	०७९।८०	दफा ४	फरक हिसाब जिम्मेवारी सारेको	२४७५९६३३.६१
	०७९।८०	दफा २२	दाखिला गर्न बाँकी कर	*५५४३७७*
	०७९।८०	दफा ३६	वितरणको भरपाइ	७१९८१
	०७९।८०	दफा ३९.२	राजस्व रकम दाखिला भएको प्रमाण	४७३००
	०७९।८०	दफा ५०.२	नम्स भन्दा बढी भुक्तानी	२१०००
	०७९।८०	दफा ५९	बढी भुक्तानी	२८८००
	चालु वर्षको जम्मा			**२५४८३०९१.६१**

	गत विगत वर्षतर्फको			
	२०७८।७९	दफा ३४	विद्यालयमा बढी निकासा असुल	१३३३०५
	०७८।७९	दफा ३८	शशर्त अनुदान रकम संघिय संचित कोषमा फिर्ता	२०००००
	०७८।७९	दफा ३४	विद्यालयमा बढी निकासा असुल	२१०९४४
	०७८।७९	दफा ४४	कार्यसम्पन्न प्रतिवेदन	१२८०००००
	०७८।७९	दफा ४६	कर समायोजन	१०९८७३६
	जम्मा रकम			**१४४४२९८५**
	२०७७।७८			
	२०७६।७७			
	गत विगतको जम्मा			**१४४४२९८५**
	कुल जम्मा			**३९९२६०७६.६१**

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

(क) परिचय - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस भिरकोट नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत९ वडा, ४९ सभा सदस्य, ७८.२३वर्ग किलोमिटर क्षेत्रफल तथा २२६१७ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२२ देखि २०८०।५।२८ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको विनियोजनतर्फ , राजश्वतर्फ , धरौटीतर्फ, अन्य कारोबारतर्फ, आय — व्ययतर्फ र सम्पत्ति तथा दायित्व तर्फको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १४९३५५१ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	शिक्षा तर्फ लेखापरीक्षणको क्रममा असुली १००५६० ढुङगा गिटी वालुवाको राजस्व लेखापरीक्षणको क्रममा असुली १३१३३०० सासु कर लेखापरीक्षणको क्रममा असुली १२४८० पदाधिकारी बिमा सुविधा २३३८८ पारिश्रमिक कर वापत २८७३ छुट रसिद वापत ४०९५०	१४९३५५१

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरीक नियन्त्रण** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

• कार्यालयको श्रेष्ता र वैंक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो

• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३ **वित्तीय विवरण** -स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

• मलेप फा.नं. २७२ को प्राप्ति र भुक्तानीको विवरणमा गतवर्षको जिम्मेवारी रु ४०८४९२२३।०० रहेकोमा अनुसूची १० मा संचित कोषको गत वर्षको जिम्मेवारी रु ३३१४७१४७।२१ रहेको देखिएकोले प्राप्ति र भुक्तानीको विवरण भन्दा रु ५८४९२२३। घटी रहेको देखिन्छ ।उक्त रकम धरौटीको गत वर्षको जिम्मेवारी रहेको र अनुसूची १५ मा उक्त रकम देखिएकोमा अनुसूची १० को संचित कोषको रकममा उक्त धरौटी जिम्मेवारीको रकम समावेश नभएकोले कोषको यथार्थ स्थिति देखिएन । सुत्र प्रणालीमा उक्त जिम्मेवारी फरक देखिएको सम्बन्धमा एकिन गरी सुधार गर्नुपर्दछ ।

• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

सञ्चितकोषको हिसाब - स्थानीयसरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७९।०८०को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ अनुसूचीमा संलग्न रहेको छ ।

(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४ **फरक हिसाब** -

.... ***(प्रारम्भिक प्रतिवेदन उपर फरक परेको हिसाब जिम्मेवारी सारेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२१ को निर्णयबाट रु. ३४,७५९,६३३.६१ सम्परीक्षण गरिएको ।)***

प्रमाण पेश नगरेको	०

५ **चौमासिक पूँजीगत खर्च** -आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

बजेट उपशिर्षक	**कुल खर्च**	**चौमासिक खर्च रु हजारमा**			
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
पूँजिगत खर्चतर्फ	१२१७०४२४१	५५९८४५८	३५६५५१२५	८०४५०६५८	२७३५७४८४
जम्मा	१२१७०४२४१	५५९८४५८	३५६५५१२५	८०४५०६५८	२७३५७४८४
प्रतिशत	१००	४.६	२९.३	६६.१	२२.४

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.१२१७०४२४१ निकासा भएकोमा प्रथम चौमासिकमा रु. ५५९८४५८अर्थात ४.६० प्रतिशत, दोश्रो चौमासिकमा रु ३५६५५१२५ अर्थात २९.३०प्रतिशत र तेश्रो चौमासिकमा रु ८०४५०६५८अर्थात ६६.१० प्रतिशत खर्च गरेको देखिएको छ । स्वीकृत कार्यक्रम अनुसार चौमाि‌सक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

६ **क्षेत्रगत बजेट र खर्चको स्थिति** -स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्षेत्र	**बजेट**	**खर्च**	**खर्च प्रतिशत**
			जम्मा खर्चको तुलनामा
आर्थिक विकास	१००००००१	६७६८२४२	७
पूर्वाधार विकास	९४६६९७३९	८५१७२२५८	८६
सामाजिक विकास	२५५२९७०	२०४४१०१	२
बातावरण तथा विकास	५०००००	४९४६०१	१
संस्थागत विकास, सेवा प्रवाह र सुशासन	३०५२९७०	२०४४१०१	२
अन्य कार्यालय संचालन तथा प्रशासनिक	२५५२९७०	२०४४१०१	२
जम्मा	११३३२८६५०	९८५६७४०४	१००

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पुर्वाधार विकासमा सबैभन्दा बढी ८६ प्रतिशत र वातावरण तथा विकासमा सबै भन्दा घटीमा १ प्रतिशत रहेको छ ।

७ **खर्च बिश्लेषण** -पालिकाले यस बर्ष कुल आन्तिरक आयबाट रु ३६०४४१७८.८५ राजस्व बाँडफाँडबाट रु ८०६७१७९३.२० र अनुदानबाट रु ४३८५५४४५२.०० समेत रु ५५५२७०४२४.०५ आम्दानी भएकोमा चालु तर्फ रु ४०१५६३३२४.६२ र पूँजिगत तर्फ रु १२१७०४२४१.१५ समेत रु ५२३२६७५६६.१२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६.८९ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सबिधामा रु ११९८६२७०.१० खर्च भएको छ जुन आन्तरिक आयको ३३.२५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८६.८५ प्रतिशत चालु र ८९.६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

८ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित ३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

९ **स्वीकृत दरवन्दी वाहिर करार सेवा** -स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धि आदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रूपमा कर्मचारीहरू राखी तलब भत्ता वा | पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ । पालिकाले स्वीकृत दरवन्दी भन्दा वाहिर ज्यालादारीमा १ कर्मचारी राखी रु २४००००। खर्च लेखेको छ । स्वीकृत दरवन्दी वेगरको सम्झौता गरी खर्च लेखेको उक्त रकम कानून विपरित भएकोले अनियमित देखिएको रु.

अनियमित भएको	७७,०००

१० **कर्मचारी करार** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा १०६ जना कर्मचारीहरु करारमा राखि रु १५००००००। खर्च लेखेको छ ।

११ **आर्थिक सहायता** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.१००००००।आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

क्र.स.	नामथर	विवरण	रकम
१	तिलक राजगुरुङ	घर भत्केको	२५०००
२	लोक बहादुरगुरुङ	घरकोअवस्था न्यून	२५०००
३	सन्तोषखत्री	मुटु रोगी	१५०००
४	सुर्यअधिकारी	चितुवा र वन बिरालोले कालीज मारेको	१५०००
५	झुमानेपाली	आखा तथा टाउकोमा चोट लागी उपचार खर्च	१५०००
६	विष्णुवोटे	काज क्रियाखर्च	१००००
७	बिर बहादुरजी टी	कानको उपचार खर्च	१००००
८	शान्तिखत्री	निमोनियाको बिमारी खर्च	१००००
९	हिमलालबोटे	काज क्रियाखर्च	१००००
१०	चोक बहादुर सार्की	काज क्रिया खर्च	१००००
११	तुलसीसार्की	उपचारखर्च	५०००
१२	वुद्धि बलकामी	उपचार खर्च	५०००
१३	डासीकुमारी दमै	घर मर्मत खर्च	५०००
१४	नन्दलालकामी	हात भाचिएर उपचार खर्च	५०००

१५	देवीप्रसाद कोइराला	मानसिक उपचार खर्च	५०००
१६	लक्ष्मी दर्जी	स्वास्थ्य उपचार खर्च	५०००
१७	राधा अर्याल	स्वास्थ्य उपचार खर्च	५०००

१२ **सम्पत्ति हस्तान्तरण** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सि लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

१३ **बजेट पेश, पारित र अख्तियारी** -स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष/उप प्रमुख श्री भगवती अर्याल रेग्मीले मिति २०८०। ०३।०८ गते रु. ५९ करोड ८ लाख ३० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।३ ।९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०।०३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

१४ **बजेट तथा कार्यक्रम तर्जुमा** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१५ **बजेट सीमा निर्धारण समिति** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको

प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१६ **लक्ष्य प्रगति** -कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनुपर्दछ ।

कार्यक्रम/योजना	**कुल कार्यक्रम**	**वार्षिक प्रगति स्थिती**			
		शून्य प्रगती	**२५प्रतिशत सम्म प्रगति**	**५० प्रतिशत सम्म प्रगति**	**७५ प्रतिशत सम्म प्रगति**
कार्यक्रम संख्या	१९०	०	०	०	३

१७ **योजना र कार्यान्वयन** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्ः

क.सं.	**विवरण**	**योजना संख्या**	**रकम**
१	रु.१ लाख भन्दा कमको योजना	१०	५५५००००
२	रु.१लाखदेखि पाँच लाख सम्मका योजना	१७२	२३३५०५५२

३	रु.५ लाखदेखि १० लाख सम्मका योजना	३४	२३८३५०००
४	रु.१० लाख ५० लाख सम्मका योजना	१६	२२८४२३९६
५	रु.५० लाख भन्दा माथिका	२	३००००००

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. एक लाख देखि दुई करोड सम्मका जम्मा २३४ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १० वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

१८ **कानुन निर्माण** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ५ वटा ऐन, ७ वटा नियमावली, ३० कार्यविधि लगायत ४२ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१९ **न्यायिक समिति** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २ र यो बर्ष थप भएको १९ गरी कुल २१ विवाद दर्ता भएकोमा १९ वटा मात्र फछ्र्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२० **अबण्डा बजेट** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. २९ लाख अबण्डा राखेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

२१ **अनुदान फिर्ता** -संघिय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा खर्च नभई बाँकी रहेको सशर्त अनुदान लेखापरीक्षण अवधिमा फिर्ता गरेको छ। पालिकाले खर्च भएर बाँकी रहेको रकम रु २३०९८८६६.७३ मिति २०८०।०६।२० मा फिर्ता गरेको छ ।

२२ **दाखिला गर्न बाँकी कर -**

.... (प्रारम्भिक प्रतिवेदन उपर दाखिला गर्न बाँकी कर दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२१ को निर्णयबाट रु. ५५४३७७ सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	०

२३ **विविध खर्च** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शिर्षकवाट २४ लाख ७८ हजार विविध कार्यक्रममा खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ र त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानकारी गराएको छ।।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

२४ **बिमा व्यवस्था** -सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ (१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख रूपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यावसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च, निर्माण कार्यको कुनै भाग भत्काउन, हटाउन वा हानी नोक्सानी भए बापत हुने खर्च वा सो सम्बन्धि आनुषाङ्गिक खर्च समेटनका लागि प्रतिस्थापन खर्चको १५ प्रतिशत रकम वा अतिरिक्त रकम, निर्माणस्थलमा ल्याएको उपकरण र अन्य वस्तुको प्रतिस्थापन खर्च, निर्माण व्यावसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको नियम ११२(२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानी र निर्माण व्यावसायीको दायित्वहरूको बीमा गराउनुपर्ने उल्लेख छ। यस पालिकाले ठेक्का बन्दोबस्त गरेका निम्नानुसारका बीस लाख भन्दा बढीका निर्माण कार्यको खरिद सम्झौता गर्दा बीमा व्यवस्था नगरिएको देखियो । कार्यालयले खरिद सम्बन्धमा बोलपत्र सम्बन्धि कागजात तयार गर्दा नै नियमको पालना गर्नेतर्फ ध्यान नदिनु यसको कारण हो। यसबाट निर्माण कार्य तथा यन्त्र उपकरण तथा निर्माण संलग्न श्रमिक तथा अन्य व्यक्ति समेत जोखिममा रहने र प्रतिस्थापन खर्च व्यहोर्ने स्रोतको अभावमा निर्मित संरचनामा क्षति पुगेमा पुननिर्माण गर्न नसकिने र थप व्ययभार पर्ने देखिन्छ। अतः तोकिए बमोजिम बीमा गरी निर्माण गरिने योजनामा हुनसक्ने क्षति प्रतिस्थापनको व्यवस्था गर्नेतर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

गो भौ नं मिति	**योजनाको नाम**	**बिमा रकम**
५०।३।२२	धुर्व देउराली आवि २ कोठे भवन	१२५००
९।१०।०१	भाग्योदय मावि	३००००
-	राजेन्द्र भवानी मावि २ कोठे भवन	२५०००

२५ **अन्य निकायको खर्च/ असम्बन्धित खर्च** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धि व्यवस्था रहेको छ। सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च

गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ। उक्त व्यवस्थाको पालना बेगर यो वर्ष छुट्टै अस्तित्व र वजेट व्यवस्था भएका जिल्लास्थित निम्नानुसार निकायलाई रु ४५००० बिभिन्न खर्चमा भुक्तानी गरी अन्य कार्यालय/व्यक्तिको खर्च यस कार्यालयले व्यहोरेको छ। यस्तो खर्चको कारण कार्यालयको बजेट प्रणालीमा असर पर्ने देखिन्छ। यसरी खर्च गरी अनियमित देखिएको रू

क्र.स	गो भौ./ मिति	निकाय/ व्यक्ति	विवरण	खर्च रकम
१	१४/२०७९/०७/०३	सशस्त्र प्रहरी बल	निर्माण सामाग्री	३००००
२	६२/२०७९/०६/३०	प्रहरी चौकी दहथुम	पुजाको लागी खसी दिएको	१५०००
		जम्मा रकम		४५०००

अनियमित भएको	४५,०००

२६ **वडा सरसफाई तर्फ लागेका मसिना खर्चहरु** -सार्वजनिक खरिद नियामवली २०६४ को नियम ८४ मा सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढि रकमको सोझै खरिद गर्दा मौजुदा सूचिमा रहेका कम्तीमा तीन वटा आपूर्तिकर्ता,निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने ब्यबस्था उल्लेख गरिएको छ । गाउँसभाको निर्णयबाट पालिका अन्तर्गत रहेका वडा नं ५ देखि ११ सम्मको सरसफाई गर्न बजेट विनियोजन भएकोमा पालिकाले उपभोक्ता समितिबाट कार्य गराएको देखिन्छ ।यस्ता कार्य गराउँदा प्राबिधिक दृष्टिबाट नाला खन्ने,पहिरो सफाई गर्ने कार्य तोकिएको वडाको विभिन्न स्थानमा समस्या देखिने तर सबै स्थानका लाभान्वित उपभोक्ताहरुको प्रतिनिधित्व सहितको समिति गठन नहुने देखिएकोले यस्ता सरसफाई कार्यहरुको गुणस्तर र स्वामित्व सुनिश्चित गर्न सकिएन। अत यस्ता कार्यहरु गराउँदा हेभि मेसिनको समेत प्रयोग गरेको देखिएकोले व्यवसायिक फर्म संस्थाबाट प्रतिस्पर्धा (प्रति घण्टा/प्रति घन मिटर) गराई कार्य गर्दा मितव्ययी तथा गुणस्तरियता अभिबृद्धि हुने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ ।साथै पालिकाले यस बर्ष वडाहरुमा सरसफाइ कार्यको लागि रु २२००० खर्च गरेकोमा प्रत्येक बर्ष सडक सरसफाई कार्यको लागि व्याक हो लोडर प्रयोग गर्नु पर्ने अवस्था देखिएकोले पालिकाले आफैं खरिद गरी कार्य गर्दा मितव्ययी हुने पर्ने देखिन्छ ।

२७ **बढी भुक्तानी** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही नियमावलीको नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले

हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन,बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक निकायले नियम १२३ बमोजिम भुक्तानी दिँदा वास्तविक खर्च मूल्याङ्कन गरी भुक्तानी दिनुपर्नेमा पालिकाले देहायको भुक्तानी गर्दा लागतअनुमानमा बढी मुल्य राखि सोही आधारमा मुल्याङ्कन गरी उपभोक्ता समितिलाई भुक्तानी गरेको तर खर्च पुष्टी गर्ने बिल बिजक हेर्दा घटी दरमा सामान खरिद गरेकोले बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

गौ भौ न र मिति	**निर्माण कार्य/ उस**	**आइटम**	**जिल्ला दररेट**	**उ.स.को विल**	**फरक रकम**	**बोरा संख्या**	**बढी भुक्तानी**
२००/२०७९/११/१०	धोवादी सतिपोला ग्रा.नि.उ.स.	सिमेन्ट	६७०	५००	१७०	१७५	२९७५०
१८६/२०७९/११/०२	झोलुङ्गेदेखि ठाडो हटिया पद मार्ग नि.उ.स.	सिमेन्ट	६७०	५४७	१२३	५३	६५१९
१६८/२०७९/१०/१९	खेलमैदानदेखि थापाधर पदमार्ग	सिमेन्ट	६७०	५८०	९०	७	६३०
३७७/२०८०/०१/१३	कच्चि ग्रामीण स. सरसफाई	सिमेन्ट	६७०	५३०	१४०	८५	११९००
३३८/२०७९/१२/२८	दुर्गा भवानी मन्दिर निर्माण	सिमेन्ट	६७०	५६६	९४	५०	४७००
३२५/२०७९/१२/२२	दहथुम-झारथाम-छाड्छाड्दी-नहरमर्मत	सिमेन्ट	६७०	५७५	९५	२७५	२६१२५
३१९/२०७९/१२/२०	भर्नाखोला सुकुटीखाना सडक पिपिसि	सिमेन्ट	७७०	५७५	१९५	१००	१९५००
४४८/२०८०/०२/३१	भुपु सैनिक आवासिय मा	सिमेन्ट	६७०	५२०	१५०	२४२	३६३००

	वि जाने पिपिसि भी न पा २						
४४८/२०८०/०२/३१	भुपु सैनिक आवासिय मा वि जाने पिपिसि भी न पा २	सिमेन्ट	६७०	५००	१७०	२२०	३७४००
४४८/२०८०/०२/३१	भुपु सैनिक आवासिय मा वि जाने पिपिसि भी न पा २	सिमेन्ट	६७०	४००	२७०	२१०	५६७००
४४८/२०८०।०२/३१	भुपु सैनिक आवासिय मा वि जाने पिपिसि भी न पा २	सिमेन्ट	६७०	५१०	१६०	२००	३२०००
२९९/२०७९/१२/१४	सारुथोक खानेपानी योजना	सिमेन्ट	६७०	५४१	१२९	३५	४५१५
२९३/२०७९/१२/१२	सिद्धार्थ राजमार्ग पिसीसी बाटो निर्माण	सिमेन्ट	६७०	५०५	१६५	११०	१८१५०
४५६/२०८०/०३/०५	मुलपानी पाङ्छाङ पासिन्डाँडा पीसीसी भीनपा-७	सिमेन्ट	६७०	५८५	८५	५००	४२५००
३८७/२०८०/०१/२१	बयरघारी मोहनडँडा सडक स्तरोन्नती	सिमेन्ट	६७०	५०५	१०५	७८	१२८७०

३८७/२०८०/०१/२१	बयरघारी मोहनडँडा सडक स्तरोन्नती	सिमेन्ट	६७०	५९२	७८	१००	७८००
२८७/२०७९/१२/१०	खिलुङ कालीका पदमार्ग	सिमेन्ट	७७०	६६५	१०५	१३५	१४१७५

असुल गर्नुपर्ने	३,६१,५३४

२८ **जिल्ला दररेट भन्दा बढी भुक्तानी** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्विकृत नर्म्स तथा जिल्ला दररेटका आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहाय बमोजिमको सामान खरिदमा गर्दा जिल्ला दररेट भन्दा बढी दररेटमा खरिद गरेकोले बढी रकम सम्बन्धित सप्लायर्सबाट असुल गरी दाखिला गर्नु पर्ने रु

गो भौ न.	**आइटमको नाम/इकाइ**	**जिल्ला दररेट**	**विलमा उल्लेखित दर**	**परिमाण**	**बिल अनुसारको कुल रकम**	**दररेट अनुसारको रकम**	**बढी भुक्तानी**	**कैफियत**
६८३/२०८०/०३/२३	जस्ता पाता २४ गेज	१०८१५	१५०२६	९.५बण्डल	१४२७४७	१०२७४२	४०००४	(विजक नं ११६) ओम हार्डवयर
	जस्ता पाता २६ गेज	९९२२.५	१४०७८	०.३३ वण्डल	१४०७८३	९९२२५	४१५५८	बिजक नं ११६ओम हार्डवयर
	HDP पाइप २० mm / १० KG	३६.५८	४४.४	४४०० र मि	१९५३६०	१६०९५२	३४४०८	बिजक नं ११०ओम हार्डवयर

	जस्तापाता २६ गेज	९९२२	१४८५०	६.३३३ बण्डल	९४००४५	६२८३९	३१२०५	बिजक नं १०९ ओम हार्डवयर
	जस्तापाता २६ गेज	९९२२	१४८५०	२.२२बण्डल	३२९६७	२१८२८	१११३९	बिजक नं १०९ ओम हार्डवयर
	जस्तापाता २६ गेज	९९२२	१४८५०	०.३ बण्डल	४४५५	२९७६	१४७८	बिजक नं १०९ओम हार्डवयर
	जस्तापाता २६ गेज	९९२२	१४८५०	१ बण्डल	१४८५०	९९२२	४९२८	बिजक नं १०९ओम हार्डवयर
	पाइप ३२ एम एम	९१.१८	१११	३००र मि	३३३००	२७३५४	५९४६	बिजक नं १०९ ओम हार्डवयर
	HDP पाइप १६ mm	२५.१२	३३	१०० र मि	३३००	२५१२	७७८	बिजक नं १०९ ओम हार्डवयर
	जस्तापाता २६ गेज	९९२२.५	१२९४७	२.३९बण्डल	३१०७२	२३८१२	७२५९	बिजक नं १०२ ओम हार्डवयर
					जम्मा रकम		१७८७०३	

असुल गर्नुपर्ने	१,७८,७०३

२९ **परामर्श सेवा खरिद** -सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहायअनुसारका परामर्श सेवा खरिद गरी रु. ३२७२९८९।०० खर्च लेखेको छ ।

भौ नं	**विवरण**	**भुक्तानी पाउने**	**रकम**
६९९	मध्यमकालीन खर्च संरचना तर्जुमा तयारी	सेन्टर फर रिजेलेन्स एण्ड डेभेलपमेन्ट प्रा लि	३१६३४४
५९९	विभिन्न सडकको सर्भे, डिजाइन , ड्रइङ तथा लागत इस्टिमेट	छाया इन्जिनियरिङ सोलुसन प्रा लि	१५०५१६०
४३१	आँधिखोलाबाट ढुंगा, गिटि , बालुवा निकासीका लागि आ इ इ प्रतिवेदन	हातेमालो इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा लि	४९६६३५
२६०	आँधिखोला डि पि आर	टोटल इन्जिनियरिङ रिसोर्स म्यानेजमेन्ट सर्भिस प्रा लि	९५४८५०
जम्मा			३२७२२९८९

यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन।

सेवाको लागत अनुमान - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत बर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्न अन्य निकायले तयार पारेको नर्म्स, आदि कुरा लाई आधार मानि लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले माथि उल्लेखित आधार वेगर फर्मसँग दररेट माग गरी लागत अनुमान तयार गरको कारण लागत अनुमान यथार्थ परक छैन।

वीमा - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्शदाताले सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निसर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेशनल ल्याविलिटी इन्सोरेन्स) पेश गर्नु पर्ने व्यवस्था नियमावलीको नियम ८०(७) मा उल्लेख भएकोमा कार्यालयले परामर्शदाताको पेशागत दायित्व विमा पेश गर्न लगाएको छैन । खरिद कानुनको पालना नगर्नेलाई जिम्मेवार बनाउनु पर्दछ।

जिन्सी दाखिला - गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम ८३(1) बमोजिम कार्यालयमा जुनसुकै प्रकारबाट प्राप्त भएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई प्राप्त भएको ७ दिनभित्र आम्दानी बाँधि लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले डिपिआर, आइ इ इ ,सर्भे, डिजाइन, ड्रइङ लगायतका प्रतिवेदनको खर्च लेखेपनि जिन्सी दाखिला गरेको देखिएन ।कार्यालयले उक्त प्रतिवेदनहरुको जिन्सी दाखिला लेखापरीक्षण अवधि पश्चात गरेर प्रमाण पेश गरेको छ ।

३० **पशु औषधी खरिद** -पशु शाखालाई आवश्यक पर्ने औषधिको परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले नगरपालिका चालु शिर्षकबाट प्रकाश भेट सेन्टरसँग रु ७६३५३८। को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

३१ **सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(PAMS) पुर्ण रुपमा प्रयोगमा नआएको** -सार्वजनिक निकायले सार्वजनिक सम्पतिको पूर्ण रुपमा संरक्षण गर्न सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(PAMS) पुर्ण रुपमा लागु गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन।पालिकाले सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(PAMS) पुर्ण रुपमा लागु गरी सार्वजनीक सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ।

क्र.सं.	**कर्मचारीको नाम थर**	**पद**	**गाडी नं.**
१	विपिन अधिकारी	सव-इन्जिनियर	बा १ ब ९८८७
२	राम प्रसाद खनाल	अधिकृतस्तर छैटौ	ग१ब २०७४
३	बिष्णु बहादुर भट्टराई	सहायकस्तर पाँचौं	ग १ ब ५३६
४	जब्बर अली मियाँ	अधिकृतस्तर आँठौं	ग १ ब १९५४

५	जिन्सी शाखा	जिन्सी शाखाबाट	ग १ ब ४६६
६	सरोज पराजुली	इन्जिनियर	ग १ ब २०७३
७	शोभाकान्त पौडेल	वडा सचिव	ग१ब ५९६
८	सुजन अर्याल	रोजगार सहायक पाँचौं	ग१ ब ६१८
९	रोशन दोरङ्गा	सव-इन्जिनियर	लु ५३ प ४३०३
१०	नारायण प्रसाद तिवारी	नगर प्रहरी हवल्दार	ग १ ब ७२७
११	सुवर्ण जि.टी.	वडा सचिव	ग १ ब ५९७
१२	आयुष पौडेल	नगर प्रमुख निजी सचिव	ग १ ब ७६१
१३	दिपेन्द्र के.सी.	वडा अध्यक्ष वडा नं.१	ग १ ब ७६०
१४	कृष्ण प्रसाद अर्याल	सहायकस्तर चौथो	ग १ ब ११८६
१५	याम प्रसाद रेग्मी	अधिकृतस्तर साँतौं	ग १ ब ११८७
१६	सूर्य ढकाल	इन्जिनियर	ग १ ब १५७७
१७	लक्ष्मण खत्री क्षेत्री	वडा अध्यक्ष -६	ग १ ब ७६६
१८	तारा प्रसाद अर्याल	वडा अध्यक्ष -७	ग १ ब ७६४
१९	नन्दलाल खनाल	वडा अध्यक्ष-८	ग १ ब २१९७

२०	कृष्ण बहादुर थापा	वडा अध्यक्ष -५	ग १ ब ७६५
२१	बसन्त कुमार बस्नेत	रोजगार संयोजक	ग १ब २३३१
२२	केशर बहादुर खड्का	वडा अध्यक्ष वडा नं. ३	ग १ ब ७६३
२३	रत्न प्रकाश श्रेष्ठ	वडा अध्यक्ष वडा नं. ४	ग १ ब ७६२
२४	सन्तोष गुरुङ	सवारी चालक नगर प्रमुख	ग १ झ 306
२५	खिम बहादुर गुरुङ	सवारी चालक नगर उप प्रमुख	ग १ झ 283
२६	पवन कुमार खत्री	सवारी चालक (प्रमुख प्रशासकीय अधिकृत)	ग १ झ 549
२७	टिकाराम अर्याल	सवारी चालक एम्बुलेन्स	ग १ च ७४९२
२८	नविन गुरुङ	सवारी चालक ट्रिप्पर	ग १ ग १६१
२९	लक्ष्मण श्रेष्ठ	स्काभेटर अपरेटर	०३-०१-००१-ग ३७५५
३०	सुदिप थापा	ब्याग होई लोडर	लु १ ग ३२४

३२ **चेनेज नखुलेको** -सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ ।कार्यालयले देहाएको काममा चेनेज नखुलाई कार्य गरी भुक्तानी गरेको छ ।ठुलो ठुलो कटीङको काममा चेनेज नखुलाई काम गरेकोले वास्तविक कार्यको एकिन हुन सकेन ।

गो भौ नं मिति	उपभोक्ता समितिको कार्य	रकम
३२५/२०७९/१२/२२	लाँकुरीडाँडा भयरथान पि.सि.सि	५०००००
४५६/२०८०/०३/०५	मुलपानी पाङ्छाङ पासिन्डाँडा पीसीसी भीनपा-७	१००००००
४९८/२०८०/०३/२४	अंगेर भंगेर निर्माण सेवा (बयरघारी-ओसेक-डाँडाकोट-बानेथोक सडक)	३९७५०६७

३३ **वितरण मुखी कार्यक्रम** -स्थानीय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने, जनताको जीवनस्तर उठाउने, आय आर्जनसंग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासका योजनाहरुको छनौटमा ध्यान दिनुपर्दछ । गाउँपालिकाले संघीय सरकारवाट सिमित श्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सिमित रहेको अवस्थामा सिमित श्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजना कार्यान्वयन गर्नुपर्नेमा वितरणमुखी योजनाहरु संचालन गरेको देखियो । यस्ता वितरणमुखी योजनाहरुले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्याउने देखिदैन । यस प्रकारको योजनाहरुमा खरिद गरी वितरण गरेका विभिन्न जिन्सी सामानहरु सम्बन्धित संस्थाको जिन्सीमा आम्दानी बाँधेको समेत देखिंदैन । यसरी संस्थाको जिन्सिमा आम्दानी नभएका सामानहरु संरक्षित हुन पनि सक्दैनन् । उदाहरणका रुपमा केही कार्यक्रमहरु देहाय अनुसार छन।

	गो भौ नं र मिति	फर्म/ सुमह/ व्यक्तिको विवरण	विवरण	खर्च रकम	कैफियत
१	३६६/२०७९/१२/२०	वडा अध्यक्ष दिपेन्द्र के सी	पाइप फिटिङ्गसका सामानहरु	३६०२९.५	-
२	२७७/२०७९/११।०१	पुण्यप्रसाद खनाल लगायत विभिन्न व्यक्तिहरु	पाइप फिटिङ्गसका सामानहरु	६४७०२४	-
३	३२९/२०७९/११/१९	-	पाइप फिटिङ्गसका सामानहरु	१८४९५	बुझ्ने मान्छेको निवेदन नभएको ।

४	१३०/२०७९/०८/२५	-	पाइपलतायतका सामाग्रीहरु	१९३२०३	बुझ्ने मान्छेको निवेदन नभएको ।
५	२११/२०७९/०९/२४	ठानुमाया श्रेष्ठ लगायत विभिन्न व्यक्तिहरु	सिमेन्टलगायतका निर्माण सामाग्रीहरु	२९७३७	-
६	१५८/२०७९/०८/२९	-	पाइप फिटिङका सामानहरु	७००८२	बुझ्ने मान्छेको निवेदन नभएको ।
७	५९३/२०८०/०३/१७	ललितबहादुर गुरुङ लगायतका अन्य	पाइपफिटिङ लगायतका सामानहरु	९९९८९	वडाको सिफारिस र अनुगमन विना भुक्तानी

३४ **अनुगमन नभएको** -स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६(४) ख(५) मा उपाध्यक्ष वा उप-प्रमुखको काम, कर्तव्य वा अधिकार अन्तर्गत योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्ने उल्लेख छ। पालिकाले यस वर्ष निम्न क्रियाकलापहरू संचालन गर्दा रू ८८३१०१६ /- खर्च गरेको छ। यस पालिकाको विभिन्न योजना तथा कार्यक्रमको परीक्षण गर्दा निम्न योजना तथा कार्यक्रमको तोकिए बमोजिम अनुगमन भएको देखिएन। अनुगमन प्रतिवेदन संलग्न गरेमात्र भुक्तानी गर्नुपर्नेमा प्राविधिक मूल्याङ्कन, उपभोक्ताको बील, सामाग्री बुझेको भर्पाइको आधारमा भुक्तानी दिएको देखिन्छ। साथै प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ दफा २० मा कार्यक्रम वा आयोजना संचालन गर्दा एकआपासमा दोहोरा नपारी संचालन गर्नुपर्ने, कुनै कारणबाट कार्यक्रम/आयोजना दोहोरो परेको भए सम्बन्धित प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयमा लेखी पठाउनुपर्ने व्यवस्था उल्लेख छ। पालिकाले यस प्रकारको कार्यक्रमहरू संचालन गर्दा दोहोरो नपर्ने गरी, लक्षित वर्ग छनोटको आधार स्पष्ट बनाई प्राप्त प्रतिफलको सुनिश्चितता गर्न तोकिए बमोजिम योजना तथा कार्यक्रमको ठोस अनुगमन भई प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ।

क स	**गो भौ नं र मिति**	**योजनाको नाम**	**विनियोजित बजेट**	**खर्च रकम**
१	१६१।०७९।१२।१७	बगैचा क्रियाघर निर्माण	२०००००	१९४०००

२.	२६३।०७९।१२।१८	राधाकृष्ण मार्ग सडक पिसीसी	३५००००	३३९५००
३.	५०५।०८०।०३।२४	भीरकोट नगरपालिका प्रवेशद्धार	१९५००००	१७९६४१०
४.	२९९।०७९।१२।१४	सारुथोक खा पा टंकी निर्माण	३०००००	२९१०००
५.	४६।०८०।०३।२०	शिव मन्दिर डाँडाकोट	७५००००	७२७०००
६.	२४५।०७९।११।१९	मन्डुखोला सिँचाई योजना	१०००००	९७०००
७.	२३८।०७९।११।१८	छायाक्षेत्र शिव मन्दिर रङ्गरोगन	१०००००	९७०००
८.	३०२।०७९।१२।१४	लगनसिल आमासमूह भवन निर्माण	२०००००	१९४०००
९.	३७७।०८०।०१।१३	कच्ची ग्रामिण सडक सरसफाई	२५००००	२४२५००
१०.	३८१।०८०।०१।१४	भण्डारीथर पदमार्ग	१०००००	९७०००
११.	३८१।०८०।०१।१४	भारद्धाज गोत्रिय सुवेदि खत्रि क्षेत्री कुल मन्दिर	१०००००	९७०००
१२.	३३४।०७९।१२।२७	रिप खानेपानी योजना	१५००००	१४२५००
१३.	२२५।०७९।११।१६	विशाल विकास सामुदायिक भवन	१५००००	१४२५००
१४.	३४८।०८०।०१।३	जनहित आमा समूह	१०००००	९७०००
१५.	२२८।०७९।११।१६	चापटारी ठुलो पाटा भाग्योदय पदमार्ग	१०००००	९४०००
१६.	२५८।०७९।११।२६	खण्डारखोला खा पा यो	१०००००	९४३४५

१७.	१८८।०७९।११।०१	थापागाँउ क्रियाघर नि उ स	५००००	४८५००
१८.	२७८।०७९।१२।०६	अर्चले खानेपानी ट्याङ्की	५००००	४८५००
१९.	१८०।०७९।११।०१	आलुपोखरा मुल संरक्षण	५००००	४८५००
२०.	१७५।०७९।१०।२९	आग्रिडाँडा सिढी बाटो नि.	५००००	४८५००
२१.	३५०।०८०।०१।०५	केरावारी सामुदायिक भवन शौचालय निर्माण	५००००	४८५००
२२.	३६३।०८०।०१।०६	चौकीकोट हुँदै जाने बाटो वाल निर्माण	५००००	८४५००
२३.	१३२।०७९।१०।०२	पकान शाखा सिमलकुलो उ स	१०००००	९७०००
२४.	४३४।०८०।०२।२९	स्वरेक मैदान व्याडमिन्टन नि यो	१०००००	९७०००
२५.	१४२।०७९।१०।०८	भालुखोला ग्रामीण सडक	१०००००	९७०००
२६.	-	लामाचौर रानिरह खेल मैदान	१६००००	१५५२००
२७.	१६४।०७९।१०।१९	नौमुरे कुलो मर्मत र दलान	१०००००	९७०००
२८.	३४६।०८०।१।३	थापागाउ कुलो निर्माण	२०००००	१९४०००
२९.	३४६।०८०।१।३	लामाचौर प्रतिक्षालय ढल निकास	२०००००	१९४०००
३०.	४८०।०८०।३।२०	खर्लुङ खा पा यो	१०००००	९७०००
३१.	२८८।०७९।१२।२०	केघा वि क टोल टंकी निर्माण	१०००००	९७०००

३२.	२६८।०७९।१२।०१	वयरघारी खा पा तथा स यो	१३००००	१२६१००
३३.	३७४।०८०।०१।११	धुव्र देउराली आ वि	१०००००	९७०००
३४.	४३५।०८०।२।१९	चालिसे बाटो निर्माण	६२०००	६०१४०
३५.	३५४।०८०।१।५	टर्निघाट प्रतिक्षालय	१०००००	९७०००
३६.	५९।०८०।०३।२४	गुमार्दी रोजिखोला झो पु	१५२७९३६	४५८३८०
३७.	२२।०८०।०२।०७	बास्तारा खोला झो पु	१९९७५५०	९५२५८२
३८.	५७।०८०।०३।२४	थुम्कापुवात झो पु	१६५०९१०	८४४८५९
		जम्मा रकम		८८३१०१६

(विस्तृत विवरण बेरूजु दफा ३४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३५ **जडान नभएको** -सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायका काममा पाइप खरिद गरी विभिन्न वडामा वितरण गरेको तर प्राविधिक मुल्यांकन वेगर नै भुक्तानी गरेको देखिन्छ । प्राविधिक मुल्यांकन वेगर भुक्तानी गर्दा कामको प्रभावकारीता नहुने साथै खरिद भएको मालसामानको जडानको प्रमाण पेश नहुँदा वास्तविक कार्य भए नभएको सम्बन्धमा एकिन गर्न नसकिने हुँदा उक्त कार्यको प्राविधिक पुष्टाई सहितको प्रमाण पेश गर्नुपर्ने रु

गो भौ नं./मिति	**विवरण**	**भुक्तानी रकम**	**लाभाम्वित संख्या/समूह**	**कैफियत**
६८३/२०८०/०३/२३	सिमेन्ट, जस्तापाता , पाइप , पानिट्याङ्की जस्ता निर्माण सामाग्रीहरु	२७८७६६०	३०० विभिन्न वडाहरुको	वडा कार्यालयको सिफारिस र अनुगमन प्रतिवेदन पेश नभएको

२८३/२०८०/०३/१७	सुन्तलाखेती तालिम पूर्वाधार निर्माण	९२७८२८	नखुलेको	वडा कार्यालयको सिफारिस र अनुगमन प्रतिवेदन पेश नभएको
३७/२०७९/०६/१३	दैविक प्रकोप तथा विपद व्यवस्थापन	८२७७८	नखुलेको	वडा कार्यालयको सिफारिस र अनुगमन प्रतिवेदन पेश नभएको
४१/२०८०/०३/१७	फलामको पोल ६०थान लगायतका सामान	४९९९८४	नखुलेको	वडा कार्यालयको सिफारिस र अनुगमन प्रतिवेदन पेश नभएको
२४०।०७९।१०।१०	जस्ता पाता, पाइप वितरण	१०५४१०६	वार्ड नं ७ लगायत विभिन्न स्थानमा	वडा कार्यालयको सिफारिस र अनुगमन प्रतिवेदन पेश नभएको

प्रमाण पेश नगरेको	५३,५२,३५६

३६ **वितरणको भरपाई नभएको** -

✍ .... ***(प्रारम्भिक प्रतिवेदन उपर वितरण भइ भरपाइको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२१ को निर्णयबाट रु. ७१,९८१ सम्परीक्षण गरिएको ।)***

प्रमाण पेश नगरेको	०

३७ **राजस्व रकम ढिला दाखिला** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६ को दफा २७ मा कार्यालयलाई प्राप्त भएको राजस्व सोहि दिन वा भोलिपल्ट राजश्व लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ। दफा २८ मा १० दिनभन्दा बढि भएमा १० प्रतिशतको दरले जरिवाना लगाई कसुरको मात्रा अनुसार विभागीय कारबाही समेत गर्नुपर्ने व्यवस्था उल्लेख छ ।

त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजश्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजश्व हिनामिना भए वा नभएको सम्बन्धमा अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले लामो समयसम्म असुली भएको नगद दाखिला नगर्ने, वडा कार्यालयहरूले आम्दानी गरेको नगद लामो समयसम्म नगदै राख्ने, असुली गरेको राजश्व दाखिला नगर्ने गरेकोमा कार्यालय प्रमुखले सम्बन्धित वडा सचिवलाई सचेत गराई विभागीय कारबाही गरेको देखिएन। निम्न पालिका तथा वडा कार्यालयहरूले ढिला राजश्व दाखिला गरेको देखिएकाले नियमावलीमा तोकेको १० प्रतिशतका दरले जरिवाना सहित असुल गर्नुपर्ने र सम्बन्धितलाई कानुन बमोजिम जिम्मेवार बनाउनुपर्ने रु

वडा नं	**महिना**	**रकम**	**दाखिला मिति**	**लाग्ने जरिवाना रकम**
१.	भाद्र	९३२४१	२०७९/०६/०५	९३२४
२.	भाद्र	८२७७०	२०७९/०६/०४	८२७७
३.	भाद्र	६२५८०	२०७९/०६/०४	६२५८
४.	भाद्र	५२२९५	२०७९/०६/०४	५२२९
५.	भाद्र	३७८२९	२०७९/०६/०४	३७८२
६.	भाद्र	१९६७०	२०७९/०६/०२	१९६७
७.	भाद्र	३३११६	२०७९/०६/०६	३३११
८.	भाद्र	५५९७८	२०७९/०६/०२	५५९७
९.	भाद्र	६०२३५	२०७९/०६/०४	६०२३

असुल गर्नुपर्ने	४९,७६८

३८ **दोहोरो जिम्मेवारी** -नगरपालिकाका आलेप अधिकृत श्री शिवजी शर्मा आलेप अधिकृतको रुपमा कार्यरत रहेकोमा निजले पालिका भित्रको वित्तिय अवस्थाको आवधिक रुपमा आन्तरीक लेखापरीक्षण गरी प्रतिवेदन पेश गर्नुपर्ने जिम्मेवारी कानूनमा नै व्यवस्था रहेको छ । आन्तरिक लेखापरीक्षकको भूमिकामा रहेको व्यक्तिले वडा नं २ को वडा सचिवको जिम्मेवारि लिइ कार्य गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर भई वित्तिय अनुशासन कमजोर हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

३९ **रसिद नियन्त्रण खाता** -पालिकाले राजश्व आम्दानीको सम्बन्धमा प्रयोग गरेका रसिद ठेलीहरु सिलसिलवार नं सहित ठेली संख्या उल्लेख गरि राख्नुपर्नेमा आम्दानी,खर्च र बाँकीको विवरण अध्याबधिक गरि राखेको देखिएन । यस बाट राजस्व चुवावटको जोखिम रहने देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन ।

३९.१ पालिकाको जिन्सी शाखाले सरसफाई शुल्क प्रयोजनको लागी नगदी रसिद प्रयोगमा ल्याएकोमा के कति ठेली संख्या (सिलसिलेवार नम्बर सहितको) प्रयोगमा ल्याएको छ । के कति आम्दानी, खर्च र बाँकी रहेको ठेली संख्या स्पष्ट गर्नुपर्ने देखिन्छ ।

३९.२ ✂ .... ***(प्रारम्भिक प्रतिवेदन उपर* रसिद नं १५०१ देखि १५५० सम्मको राजस्व रकम दाखिला भएको *प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु. रु ४७३०० सम्परीक्षण गरिएको ।)***

प्रमाण पेश नगरेको	०

४० **पालिकाको आन्तरिक स्रोत व्यवस्थापन** -पालिकाले ढुङ्गा गिट्टी बालुवाबाट बालुवा २४०० गिट्टी १२०० ढुङ्गा ८०० चिप्स १४०० वेस्ट मेटिरियल्स (काम नलाग्ने) २०० प्रति घनमिटरको दरले कार्यपालिकाको निर्णय अनुसार २०७९ भाद्र देखि २०८० जेठ मसान्तसम्म बालुवा,गिट्टी संकलन गरेको देखिन्छ ।पालिकाले अध्ययन गरेको बातावरणिय प्रभाव परीक्षण (२०७९ पुस) को प्रतिवेदन अनुसार ६१७७७ घ मि उत्खनन गर्ने क्षमता रहेकोमा पालिको सो वर्ष घ मि उत्खनन गरेको तथा घ मि विक्री गरेको पालिकाले जनाएको छ । कार्यालयले यस वर्ष रु ११४१५६०५ राजश्व आम्दानी गरेकोमा नियमअनुसार संघीय सरकारको खातामा जाने मूल्य अभिवृदि कर रु १३१३३०० दाखिला गरेको छ ।

पालिकाले आफ्नै जनशक्ति प्रयोगगरी ढुङ्गा गिट्टीको काम प्रदेश सरकारले तोकेको दरमा नघटाई राजश्व परिचालन गरेको एवं सेवाग्राहीहरुले राजश्व सफ्टवयरमा रसिद काटी त्यसबाट संकलन केन्द्रमा गई ढुङ्गा गिट्टी बालुवा विल अनुसारको परिमाणमा नबढ्नेगरी पठाउने गरेको कार्यालयले जनाएको छ । पालिकाले संकलन केन्द्रमा सिसिटिभि जडान गरी संकलन केन्द्रबाट अनाधिकृत रुपमा ढुङ्गा गिटि बालुवा उत्खनन भए नभएको सम्बन्धमा सिसि टिभि मार्फत निरन्तर अनुगमन गर्ने गरेको, चोरि पैठारी नियन्त्रण गर्न चार नाकामा खाल्डो खनेको, नगर प्रहरीद्धारा गस्ती गरी नियन्त्रण गर्ने गरेको जनाएको छ । पालिकाले ढुङ्गा गिटि बालुवा अनाधिकृत रुपमा हुनसक्ने चोरी पैठारी नियन्त्रण गर्न अन्य विन्दुहरुमा समेत सिसिटिभि जडान गर्नुपर्ने देखिन्छ । वार्षिक खपतको परिमाण स्पष्ट खुल्ने गरी एक्सल सिट तयार गरि प्रमाणित गरि राख्नुपर्ने देखिन्छ ।

४१ **मृत्यु पश्चात भत्ता भुक्तानी** -सामाजिक सुरक्षा नियमावली २०७६को नियम १३ मा सामाजिक सुरक्षा पाउने व्यक्तिको मृत्यु भएका उक्त लाभग्राहीलाई भत्ता पाउने सुचिबाट हटाई मृत्यु भएको दिनदेखि भत्ता दिन रोक्नु पर्ने व्यवस्था भएकोमा पालिकाले चौमासिक भत्ता वितरण गर्दा देहायको व्यक्तिको मृत्यु पश्चात पनि भत्ता निकासा गरेकोले उक्त सामाजिक सुरक्षा भत्ता असुल गरि संघिय संञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

वडा नं	लाभग्राहीको नाम	मृत्यू मिति	जानुपर्ने रकम	गएको रकम	बढी रकम
१	यी ब्रहीम मिया	०७९।०९।०२	८२६६	१२०००	३७३३
१	डबल कुमारी	०७९।०८।०७	४८००	१२०००	७२००
७	वम वहादुर क्षेत्री	०७९।१०।१०	११९९	१२०००	१०८०१
७	पित्त कुमारी खत्री	०७९।१२।१६	१००००	१२०००	२०००
७	डिल कुमारी गोदारनी	०७९।११।३०	८०००	१२०००	४०००
६	चित्र कुमारी रोका	०७९।११।२६	७५००	१२०००	४५००
२	देउकुमारी थापा	०७९।५।१६	६०००	१२०००	६०००
२	पुतलीकुमारी खत्री	०७९।१२।०५	८५३४	१२०००	३४६६
५	शोभाकान्त अर्याल	०७९।५।२९	८०००	१२०००	४०००
	जम्मा रकम				४५७००

असुल गर्नुपर्ने	४५,७००

४२ **स्थानीय पाठ्यक्रम सम्बन्धी पुस्तक छपाई** -स्थानीय पाठ्यक्रम सम्बन्धी पुस्तक छपाईः विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.३ मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयका विद्यार्थीका लागि प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री खरिद गर्नु पर्ने व्यवस्था रहेको छ । सरकारी स्रोतको उच्चतम उपयोग हुने सुनिश्चित गरी खरिद कार्य गर्नुपर्नेमा कक्षा १-८ को स्थानीय पाठ्यक्रम छपाई गर्दा iemis मा प्रविष्ट भएको विद्यार्थी तथ्याङ्क सङख्या भन्दा अत्याधिक पुस्तक छपाईमा रु १९९१०६०। खर्च गरेको देखियो ।कार्यालयले खर्च आवश्यकता एवं मितव्ययितालाई ध्यानमा राख्दै सरकारी स्रोत साधनको दुरुपयोग नहुने किसिमले खरिद कार्य गर्नु पर्दछ। अतः आवश्यकता पहिचान बेगर गरेको खरिद कार्य अनियमित देखिएको रु

कक्षा	IEMIS को तथ्यांक बमोजिम विद्यार्थी संख्या	वितरण संख्या	खरिद संख्या	बढी खरिद संख्या	खरिद दर	खरिद रकम
१-५	१२४४	२१०५	५०००	२८९५	२९६	१४८००००
६-८	८४९	१२५८	३०००	१७४२	१७०	५१००००
जम्मा						**१९९००००**

अनियमित भएको	१९,९०,०००

४३ **इन्टरनेट सेवामा बढी भुक्तानी** -गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ ।कार्यालयले गोश्वारा भौचर नं ३७६।२०७९।१२।२७ बाट इन्टरनेट सेवा प्रयोग गरेवापत निजी सेवा प्रदायक संस्था वर्ल्ड लिंकलाई वार्षिक महशुल रु १९७२०० भुक्तानी गर्नुपर्नेमा १२०६२००। भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु ९००० सम्बन्धित सेवा प्रदायकबाट असूल गरी संचित कोष दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	९,०००

४४ **स्वकीय सचिवलाई भ्रमण खर्च** -पदाधिकारीको सुविधा सम्बन्धी ऐन, २०७७ ले नगरपालिका प्रमुखले रा प अनंकित द्वितीय श्रैणी सम्मको तलब भुक्तानी गरी एक जना सम्म स्वकीय सचिव राख्न पाउने व्यवस्था छ । सो बाहेक ऐनमा स्वकीय सचिवलाई अन्य कुनै किसिमको भत्ता भुक्तानी गर्न मिल्ने व्यवस्था छैन । पालिकाले मेयरका स्वकीय सचिव श्री आयुष पौडेललाई पटक पटक ठोस उद्देश्य बेगरको काठमाडौ, पोखरा भ्रमणका लागि भ्रमण खर्च भुक्तानी गरेको अनियमित देखिएको रु

भ्रमण आदेश मिति	भ्रमण मिति	उद्देश्य	भ्रमण स्थान	रकम
२०७९।०९।०३	०९।०३ देखि ०९।०८	विभिन्न मन्त्रालयमा कामकाज गर्न	काठमाडौं	६३००
२०७९।०६।२५	०६।२६ देखि ०६।३०	विभिन्न मन्त्रालयमा कामकाज गर्न	पोखरा	६३००
२०७९।०५।०४	०५।०४ देखि ०५।१०	विभिन्न मन्त्रालयमा कामकाज गर्न	काठमाडौं	१०५००

जम्मा	२३१००

अनियमित भएको	२३,१००

४५ **स्पष्ट उद्देश्य बेगरको भ्रमण खर्च** - भ्रमण खर्च नियमावली २०६४ बमोजिम भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले भ्रमण गर्नुको उद्देश्य एवं कार्य स्पष्ट उल्लेख गरी सम्बन्धित अधिकारीबाट स्वीकृत गराइ मात्र भ्रमण खर्च बुझी लिन पाउने व्यवस्था छ । कार्यालयको कामकाजको सिलसिलामा कुनै कर्मचारी एवं पदाधिकारीले भ्रमण गर्दा भ्रमण गर्नुको स्पष्ट उद्देश्य र प्रयोजन खुलाइ माथिल्लो तहको पदाधिकारीबाट स्वीकृत गराइ मात्र भुक्तानी खर्च लिनु पर्दछ । नमुना परीक्षणका आधारमा लेखापरीक्षण गर्दा निम्न पदाधिकारीको भ्रमण आदेशमा भ्रमण गर्नुको स्पष्ट उद्देश्य एवं प्रयोजन उल्लेख नगरी भ्रमण खर्च भुक्तानी भएको देखियो । ठोस उद्देश्य किटान नगरी भ्रमण खर्च लेख्दा भ्रमणको औचित्य यथार्थपरक नभइ खर्च अनियन्त्रित हुने देखिन्छ ।यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सि नं	भ्रमण गर्ने पदाधिकारी	भ्रमण आदेश मिति	भ्रमण मिति	भ्रमणकोअवधि (दिन)	भ्रमणको उद्देश्य, स्थान	खर्च
१	नगर प्रमुख श्री गोविन्द कर्माचार्य	२०७९।०९।०३	०९।०३ देखि ०९।०८	६	कार्यालय सम्बन्धी कामकाज गर्न, काठमाडौं	९४५०
२	नगर प्रमुख श्री गोविन्द कर्माचार्य	२०७९।०५।३०	०५।३० देखि ०६।०२	८	विभिन्न मन्त्रालयमा कामकाज गर्न, पोखरा	५८५०
३	नगर प्रमुख श्री गोविन्द कर्माचार्य	२०७९।०५।०३	०५।०४ देखि ०५।०८	५	कार्यालय सम्बन्धी कामकाज गर्न, काठमाडौं	७६५०
४	नगर प्रमुख श्री गोविन्द कर्माचार्य	२०७९।०४।०५	०४।०६ देखि ०४।१०	५	कार्यालय सम्बन्धी कामकाज गर्न, काठमाडौं	७६५०
५	उपप्रमुख भगवती रेग्मी अर्याल	२०७९।०९।०३	०९।०३ देखि ०९।०८	६	विभिन्न मन्त्रालयमा कामकाज गर्न, काठमाडौं	८४००
६	उपप्रमुख भगवती रेग्मी अर्याल	२०७९।०५।०३	०५।०४ देखि ०५।०८	५	विभिन्न मन्त्रालयमा कामकाज गर्न, काठमाडौं	६८००
७	उपप्रमुख भगवती रेग्मी अर्याल	२०७९।०९।२६	९।२७ देखि १०।०३	६	विभिन्न मन्त्रालयमा कामकाज गर्न, काठमाडौं	१८६००

जम्मा	६४४००

४६ **कर कट्टी बाँकी** -आयकर ऐन २०५८ को दफा ८८ अनुसार पारिश्रमिक भुक्तानीमा १५ प्रतिशतका दरले अग्रिम कर कट्टि गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले अधिवक्ता मदन रेग्मीलाई सर्वोच्च अदालतमा कार्यालय सम्बन्धी मुद्दाको प्रतिउत्तर लेखे वापत गरेको भुक्तानी रु ६०००० मा १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्नेमा नगरेकोले उक्त कर सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	९,०००

४७ **मूर्ति खरिदका लागि सहायता** -गण्डकी प्रदेश आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३६ मा बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले वडा नं ८ ढापुकमा भगवती देवी मन्दिरमा मूर्ति राख्नको लागि गो भौ नं २८४।२०७९।११।०२ बाट धार्मिक तथा सांस्कृतिक संस्था सहायता शीर्षकमा रु ६००००। भुक्तानी गरेको छ । सेञ्चुरी मुर्तिकला उद्योगको तीन थान बिल संलग्न राखी भुक्तानी भएकोमा खरिद भएको मूर्तिको साइज नखुलाइ साथै फोटो संलग्न नगरी भुक्तानी गरेको पाइयो ।साइज बमोजिमको दर निर्धारण गरी भुक्तानी माग एवं खर्च गर्नुपर्नेमा साइज उल्लेख नगरी फरक फरक दरमा गरेको भुक्तानी अनियमित देखिएको रु.. ...

अनियमित भएको	६०,०००

४८ **मूल्य अभिबृद्धि करमा दर्ता नभएकोसँग खरिद** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार बीस हजार भन्दा माथिको खरिद गर्दा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । नमुना छनौटका आधारमा लेखापरीक्षण गर्दा पालिकाले सामान खरिदमा तोकिएको सिमा भन्दा बढी भुक्तानी गर्दा मू अ करमा दर्ता भएको फर्मसँग खरिद गर्न पर्नेमा नगरेको पाइयो । मू अ करमा दर्ता नभएको डिजिटल कन्सेप्ट नामको फर्मबाट रु ११९४५०। बराबरको खेलकुद सामग्री, स्टेशनरी सामग्री लगायतका अन्य सामानको खरिद गर्नु नियमित नदेखिएको रु–

अनियमित भएको	१,३७,११५

४९ **पेश्कीलाई खर्च मानेर प्रविष्टी** -गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को परिच्छेद ५ मा पेश्की दिने र फछ्र्यौट गर्ने कार्यविधि बारे उल्लेख छ । जस अनुसार कुनै फर्म, कम्पनी, संघ वा संस्थालाई महशुल वा शुल्क वापत कुनै रकम अग्रीम भुक्तानी दिंदा पेश्की जनाई प्रविष्टी गर्ने र बिल प्राप्त भएपछि मात्र गोश्वारा भौचरमा खर्च जनाउनु पर्ने व्यवस्था छ । कार्यालयले नेपाल टेलीकमलाई गो भौ नं २८६।२०७९।११।०२ बाट सञ्चार खर्च शिर्षकमा इन्टरनेट महशुल वापत रु १२५०००। भुक्तानी खर्च लेखेकोमा रु १०४६१५ अग्रीम भुक्तानी गरेको तर उक्त रकमलाई पेश्की नजनाइ खर्च जनाएको छ ।संचार महशुल वापतको भुक्तानी भएको खुले पनि कुन महिनाको वास्तविक शुल्क र कुन महिनाको अग्रीम भुक्तानी

हो नखुलाइ खर्च लेखेको पाइयो ।यसरी आर्थिक नियम तथा सार्वजनिक लेखा प्रणालीको सिद्धान्त विपरीत तथा आवश्यक प्रमाण कागजात बेगर अग्रीम रुपमा बुझाएको महशुललाई पेश्की नजनाइ खर्च जनाएको नियमित नदेखिएको रु...

अनियमित भएको	१,२५,०००

५० **नवपर्वतन साझेदारी कोष कार्यक्रम** -नवपर्वतन साझेदारी कोष कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९ मा भिरकोट नगरपालिका भित्र बसोबास गर्ने आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका वर्ग समुदायका जनतालाई व्यवसायिक कृषि तथा पशुपालनमा सक्षम बनाई उच्च जीवनस्तरमा सुधार ल्याउन कार्यविधि तर्जुमा गरेको देखिन्छ । नगरपालिका र गण्डकी प्रदेश सरकार बीचको सम्झौता बमोजिम पालिका क्षेत्रमा बसोबास गर्ने सामाजिक रुपमा पछाडि परेको वर्ग र समुदायका जनतालाई व्यवसायीक पशुपालन तथा कृषिमा सक्षम बनाउने उदेश्यले प्रदेश सरकारबाट रु १ करोड ४१ लाख तथा नगरपालिकाबाट ६१ लाख अर्थात ३० प्रतिशत समेत रु २०२०००००। बजेट व्यवस्था भएको छ । प्राप्त बजेटबाट सुन्तला खेति प्रवद्धन कार्यक्रम,व्यवसायिक वाख्रा तथा वंगुर पालन कार्यक्रम संचालन गरी पालिकाबाट रु ५७६७६००। र मुख्यमन्त्री मन्त्रिपरिषदको कार्यलयबाट रु ९९६५९७३ खर्च भएको देखिन्छ । यस सम्बन्धि देखिएका व्यहोरा निम्न छन ।

५०.१

उक्त कार्यक्रममा सुन्तला खेति तर्फ ५० जनामा ५० जना,वाख्रा खोर निर्माण तर्फ ७५ मध्ये ७१ जना र वंगुर पालनमा ३० मध्ये ३० जनाले कार्य गरेको प्रस्तुत भएको तथा लाभग्राहीहरुलाई दिएको रकम सम्बन्धितको बैंक खातामा जम्मा भएको पालिकाले जनाएको छ ।

गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयले कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न अनुगमन तथा मुल्यांकन गर्ने व्यवस्था सम्झौता उल्लेख भएकोमा अनुगमन भए नभएको सम्बन्धमा स्पष्ट हुन सकिएन ।

५०.२

.... (प्रारम्भिक प्रतिवेदन उपर नर्म्स भन्दा बढी भुक्तानी भएको संयोजक तथा सहयोगी भत्ता दाखिला भइ प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२१ को निर्णयबाट रु.२१००० सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	०

५१ **तालिम सञ्चालन सम्बन्धमा** -पालिकामा विभिन्न तालिम, गोष्ठी, अभिमुखीकरण तथा क्षमता अभिकृद्धि कार्यक्रम सञ्चालनका लागि प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय गण्डकी प्रदेशले तालिम तथा कार्यक्रम सम्बन्धी खर्चको मापदण्ड समेत जारी गरेको छ । मापदण्डमा प्रशिक्षकलाई पारिश्रमिक भुक्तानी गर्दा कार्यपत्र संलग्न गरेर भुक्तानी गर्नुपर्ने व्यवस्था उल्लेख छ ।त्यसै गरी तालिम, गोष्ठी, अभिमुखीकरण सञ्चालन गर्दा तालिमको उद्देश्य बमोजिम सहभागी नामावली संकलन, विषयवस्तुको छनौट, विषयवस्तुका जानकार र विज्ञको व्यवस्थापन, तालिम सामग्री तथा तालिम हलको व्यवस्थापनका सम्बन्धमा पर्याप्त गृहकार्य गर्नु पर्ने हुन्छ । पालिकाले विभिन्न तालिम गोष्ठी अभिमुखीकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरेकोमा अधिकांश कार्यक्रममा आवश्यकता

तथा क्षमता भन्दा बढी सहभागी समावेश गरेको, कार्यक्रमको तालिका तथा विषयसूची तयार नगरेको, तालिमको विषयवस्तु अनुसारको विज्ञ छनौट नगरेको, प्रकृया पुर्याउनका लागि मात्रै कार्यपत्र तयारी नगरेको साथै तयार गरेको कार्यपत्र र तालिमको विषयवस्तु मेल नखाएको, प्रशिक्षकलाई कार्यपत्र बेगर नै प्रशिक्षण भत्ता भुक्तानी गरेको देखियो ।नर्मसको प्रयोग र पालनामा समेत एकरुपता देखिएन । त्यसै गरी तालिम सञ्चालन पश्चात तालिमको उपलब्धी तथा सोवाट सिर्जित रोजगारी तथा राजश्व आम्दानी सम्बन्धमा हालसम्म कुनै प्रतिवेदन तयारी गरेको देखिदैन। हरेक वर्ष तालिम तथा कार्यक्रममा खर्च हुँदै आएकोमा सोको समिक्षा गरी उत्पादन तथा रोजगारी वृद्धि गर्ने प्रकृतिका तालिम तथा कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ।

५२ **नमुना विद्यालय** -स्थानीय तहले विद्यालयको भौतिक निर्माण कार्यमा खर्च गर्ने प्रयोजनको लागि अनुदान उपलब्ध गराउने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यान्वयन पुस्तिका ०७९।८० को क्रियाकलाप नं ११.१.२.४४५ मा उल्लेख छ । उक्त अनुदान रकम विद्यालयलाई उपलब्ध गराउँदा सम्पादन हुने कार्यक्रमको लागत अनुमान तथा विद्यायलयको ड्र्इङ डिजाइनिङ सहितको गुरुयोजना निर्माण सहित अनुदान माग गर्न लगाई उपलब्ध गराउने, विद्यालयको भौतिक निर्माण कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली र विद्यालय खरिद दिग्दर्शन भित्र रहि निर्माण कार्य संचालन गर्ने तथा उक्त बजेट विद्यालय र स्थानीय तह बीच सम्झौता गरी कार्यप्रगतिको आधारमा उपलब्ध गराउने व्यवस्था रहेको छ ।पालिकाले गो भौ नं १६०।०८०।०१।१३ मा भाग्योदय माविलाई नमुना विद्यालयको गुरुयोजना अनुरुप शैक्षिक क्षेत्रको सुधारको लागि रु ५०,००,००० निकासा उपलब्ध गराएकोमा विद्यालयले नमुना विद्यालय विकास कार्यक्रम अन्तर्गत शैक्षिक व्यवस्थापकीय एंव प्रशासनिक कार्य सम्पादन अनुदान कार्यान्वयन कार्ययोजना २०७९।८० तयार पारि स्थानीय तहमा पेश गरेकोमा आफैले पेश गरेको कार्ययोजना अनुसार कार्य हुन नसकेको तथा कार्ययोजनामा नीजि शिक्षक , पिटी शिक्षक ,संगीत शिक्षक, अहेब वा स्वास्थ्य नर्स नियुक्ति गर्ने भनी वार्षिक तलब वापत रु ६००००० रकम छुट्टाएकोमा कार्ययोजना उल्लेख गरेबमोजिम शिक्षक नियुक्त नगरेको तथा कार्ययोजना अनुसार काम नगरेकोले अनियमित देखिएको रु

अनियमित भएको	६,००,०००

५३ **कर कट्टी नगरेको-** आयकर ऐन २०५८ को दफा ८८ अनुसार भुक्तानीमा १५ प्रतिशतका दरले अग्रिम कर कट्टि गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले पालिकास्तरमा तालिम संचालन गर्दा देहायका प्रशिक्षकलाई १५ प्रतिशतले कर कट्टी नगरी रकम वितरण गरेकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु

गो भौ नं	**व्यक्तिको नाम**	**विवरण**	**जम्मा रकम**	**कर रकम**
१६८।०८०।०१।२०	प्रशिक्षक	ढाका बुनाइ तालिम	५००००	७५००
३१२।०८०।०३।२०	प्रशिक्षक पुष्पा अर्याल		३५०००	५२५०
	सहायक प्रशिक्षक शशिकला गिरी	व्युटिसियन तालिम	२५०००	३७५०
				१६५००

असुल गर्नुपर्ने	१६,५००

५४ **तारजाली खरिद** -सार्वजनिक खरिद ऐनको नियम ५क मा सार्वजनिक निकायको प्रमुखले कुनै मालसामान खरिद गरिद गर्नु अघि स्पेशिफिकेसन, योजना, डिजाईन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नु वा गराउनुपर्ने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले भुक्तानी गर्नु पुर्व आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमका भए वा नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने उल्लेख छ। कार्यालयले गो भौ नं ३६०,३६७।०७८।०३।२४ मा उर्वरायुक्त जमीन संरक्षण शीर्षक अन्तर्गत हेभीकोटेट तार जाली खरिद गरी एन पि ग्याविन जी आइ कम्पनी प्रालिलाई रु १७५९१६३ खर्च निकासा गरेको छ।यसरी खरिद गरेको तारजाली कार्यालयबाट वितरण भएको तर जडानको प्रमाण पेश नभएको साथै केहि सङख्यामा रहेको तारजाली वितरण हुन नसकि कार्यालय परिसर भित्रै रहेकोले कार्यालयले खरिद पुर्व खरिद आवश्यकता पहिचान नगरी खरिद कार्य गर्ने गरेको देखिन्छ । आवश्यकताको पहिचान नगरी मालसामान खरिद गर्दा एकातर्फ सार्वजनिक कोष माथि व्ययभार थपिन्छ भने अर्को तर्फ खरिद गरेर प्रयोग नगर्दा कामको प्रभावकारीतामा कमी आई कार्यालयको सेवा प्रवाह प्रभावित हुने हुँदा भुक्तानी भएको रकम वरावरको तारजालीको परिमाणको साथै खपत भएको परिमाण तथा मौज्दात समेतको अवस्था एकिन हुनेगरी प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१७,५९,१६३

५५ **तालिम संचालन खर्च** -भीरकोट नगरपालिकाद्धारा निर्धारित तालिम तथा कार्यक्रम सम्बन्धी खर्चको निर्देशिकामा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालिम सबै प्रकारका तालिममा कार्यपत्र पेश गरेको खण्डमा मात्र कार्यपत्र वापतको रु २००० रकम भत्ता पाउने व्यवस्था रहेको छ । पालिकाले गो भौ नं २४०, ०८०।०३।०५मा संचालन भएको सुन्तला प्रशोधन सम्बन्धि तालिम कार्यक्रममा प्रशिक्षक उवित अर्याल र कृति श्रेष्ठलाई कार्यपत्र बेगर रकम भुक्तानी गरेकोले सम्बन्धितबाट कार्यपत्र पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	४,०००

५६ **विद्यालयको शौक्षिक गुणस्तर एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान** - विद्यायलय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यायलमा शौक्षिक गुणास्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान प्राप्त गर्न छनौट भएको विद्यालयलाई प्रति विद्यालय ६ लाख ५० हजारका दरले अनुदान दिने र उक्त अनुदानबाट विद्यालयले पाठ्यपुस्तक,सन्दर्भ सामाग्री तथा लाइब्रेरी, विज्ञान प्रयोगशाला शिक्षण सिकाईका लागि ICT ल्याब को लागि खर्च गर्ने सकिने व्यवस्था रहेको छ। विद्यालयले उक्त सामाग्रि खरिद गर्दा सार्वजनिक खरिद ऐन नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रक्रियाहरु पुरा गरी सामाग्री खरिद गर्ने उक्त कार्यको विल भरपाइ र प्रमाणहरु पेश गर्नुपर्ने तथा उक्त कार्यको स्थानीय तहबाट अनुगमन गरी सोको प्रतिवेदन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यको अनुगमन गरी प्रतिवेदन पेश गर्ने गरेको छैन। अनुगमन गरी प्रतिवेदन पेश गर्ने कार्यको विकास गर्नु पर्दछ ।

५७ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान** -विद्यालय क्षेत्र सुधार कार्यक्रमकार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यालय व्यवस्थापन अनुदान निर्देशिका २०७४ बमोजिम विद्यालयबाट प्राप्त प्रस्तावको आधारमा विद्यालयको कार्यसम्पादन स्तरको मुल्यांकन गरी प्रति विद्यालय रु ५० हजारका दरले अनुदान उपलब्ध गराउने व्यवस्था रहेको र उक्त रकम विद्यालयले शैक्षिक गुणस्तरका क्षेत्र एकिन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले गो भौ नं १३१।०८०।०२।०२

मा विभिन्न ५ विद्यालयलाई रु ५० हजारका दरले उक्त अनुदान निकासा गरेकोमा देहायका विद्यालयबाट खर्चको पुष्टाइ हुने गरी कुनै पनि विल भरपाइ र प्रमाण पेश नभएको हुँदा रकम सदुपयोग भए नभएको एकिन हुन नसकेकोले खर्चको पुष्टाई हुने गरी प्रमाण पेश गर्नुपर्ने रु

विद्यालयको नाम	**रकम**
दहथुम मावि	५००००
महेन्द्र ज्योति मावि	५००००
शहिद शुक्र मावि	५००००
जम्मा रकम	१५००००

प्रमाण पेश नगरेको	१,५०,०००

५८ **विद्यालय सुधार योजना तथा लेखापरीक्षण अनुदान** -विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.१० मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभुत तह सञ्चालित विद्यालयहरुका लागि प्रति विद्यालय रु १० हजार र माध्यमिक तह सञ्चालित विद्यालयहरुमा प्रति विद्यालय रु १५ हजारको दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण शिर्षकमा एकमुष्ट अनुदान निकासा दिने व्यवस्था रहेको छ र सोहीबमोजिम विद्यालयले अन्तिम लेखापरीक्षण हुनु पूर्व नै उक्त लेखापरीक्षण कार्यसम्पन्न गरी स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले आ व ०७९।८० मा पालिकाका ३९ विद्यालयको सामाजिक तथा आर्थिक लेखापरिक्षणको लागि रु ४५७६५०।-निकासा गरी खर्च लेखेकोमा निकासा भएको आर्थिक वर्षको विद्यालयको आर्थिक लेखापरीक्षण भई प्रतिवेदन पेश नभएकोले आर्थिक लेखापरीक्षण गराइ सोको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	४,५७,६५०

५९ **बढी भुक्तानी** -

✂ .... *(प्रारम्भिक प्रतिवेदन उपर* **सफल फर्निचर को बढी भुक्तानी भएको रकम** *दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।१२।२१ को निर्णयबाट रु. २८,८०० सम्परीक्षण गरिएको ।)*

असुल गर्नुपर्ने	०

६० **स्थलगत लेखापरीक्षण** -

स्थलगत लेखा परीक्षणमा देखिएका व्यहोरा निम्नानुसार छन ।

- निर्माण व्यवसायी सुयन विल्डर्स सँग २०८०/१२/०९ भित्र कार्यसम्पन्न गर्ने गरी २०७९/१२।०६ मा रु. २८०८८९१२ मु अ कर सहित सम्झौता भएकोमा कार्यालयको इन्जिनियर सरोज पराजुली,वडा अध्यक्षको नाम स्यामकाजी

अधिकारी सहितको उपस्थितिमा मिति २०८०/०५/२३ मा स्थलगत अवलोकन समेत गर्दा ५०१ मिटर पिसिसि ढलानको कार्य भएको तथा श्रेस्ताबाट उक्त कार्यको लागि २ रनिङ बिलबाट समेत १५०८८२५५.७२ मु अ क सहित भुक्तानी भएको देखिन्छ । हालसम्म उक्त निर्माण कार्यको भौतिक प्रगति ६० प्रतिशत भएको देखिन्छ । बाँकी ६ महिनामा ४० प्रतिशत बाँकी कार्य गर्नुपर्दछ ।

- मिति २०८०/०५/२५ गते लेखा परीक्षण टोलि र पालिकाको लेखा अधिकृत तथा इन्जिनियर सहितको संयुक्त टोलीले स्थलगत अवलोकन गर्दा जनप्रिय मावि सिम्ले ५ को दुई तले भवनको Plingh Area नापि किताबसँग भिडान भएको देखियो । उक्त निर्माण कार्यको भौतिक प्रगती ७० प्रतिशत रहेको देखिन्छ भने प्लाष्टर तथा रङ्गरोगनको कार्यबाँकी देखिन्छ । हालसम्म दोस्रो विलबाट रु ४५३०२८० कुल खर्च भएको श्रेस्ताबाट देखिन्छ ।

- सोही मितिमा आ व ७५/७६ मा उक्त विद्यालयलाई विज्ञान प्रयोगशाला बापत रु ६५०००० अनुदान दिएकोमा विद्यालयको ICT कक्षामा निरीक्षण गर्दा १० कम्प्युटर २ ल्याप्टप संचालनमा नआई विग्रेको अवस्थामा रहेको पाइयो । यसबाट विज्ञान प्रयोगशाला पुस्तकालयजस्ता अनुदान दिने कार्यक्रमहरु संचालन गर्दा सरकारी स्रोतसाधनहरुको समुचित उपयोग हुनेगरी प्रयोग गर्नुपर्ने देखिन्छ । यस्ता प्रकृतिका अनुदान वितरणका कार्यक्रमहरुलाई उच्च प्रतिफलयुक्त बनाई सरकारी स्रोत साधनको हानिनोक्सानि हुनबाट जोगाउन पालिकाले निरन्तर अनुगमन गर्नुपर्ने देखिन्छ । उपयोगको सुनिश्चितता नभएको दक्ष जनशक्ति नभएका विद्यालयलाई अनुदान दिने कार्यमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

- मिति २०८०।०६।१७ मा महालेखा परीक्षकको कार्यालयबाट अनुगमनमा आउनु भएका नायव महालेखापरीक्षक तथा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले संयूक्त रुपमा नगरपालिकाबाट संचालित सरसफाई केन्द्रको अवलोकन गर्दा फोहोर प्रशोधन गर्ने २ उपकरण प्रयोगमा ल्याएको देखिएन । उपकरणहरु यस्तो अवस्थामा रहेको पाइयो ।

साथै उक्त केन्द्रमा स्वीमीङ पूल,पार्क र पिकनिक स्पटको कार्य गर्न समेत बाँकी रहेको देखिन्छ । उक्त कार्यलाई पर्याप्त बजेट विनियोजन गरी सरसफाई केन्द्रलाई नमूना कार्यको रुपमा विकास गर्नु पर्ने देखिन्छ ।

६१ **समयमै निवेदन दर्ता नगरेको** -सार्वजनिक खरिद ऐन, २०६३कोदफा५६(२) मा काबु बाहिरको परिस्थिति वा अन्य मनासिव कारणबाट खरिद सम्झौताकोअवधि बढाउन सक्ने र नियमावलीको नियम१२०मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौताको काम त्यस्तो सम्झौतामा उल्लिखित अवधि भित्रमा पूरा गर्न नसकिने भएमा जाँचबुझ गरी कारण मनासिब देखिएमा म्याद थप गर्नसक्ने उल्लेख छ।म्याद थप गर्दा नियमको व्यवस्था अनुसार निर्माण व्यवसायीले काबुबाहिरको परिस्थिति परी तोकिएको समयमा काम सम्पन्न गर्न नसकिएको भन्ने सम्बन्धमा आवश्यक प्रमाण तथा पुष्टयाइँ समेत प्रस्तुत गर्नुपर्दछ।पालिकाबाट प्राप्त म्याद थपको विवरण निम्नानुसार छ।

गौ भौ नं मिति	**कार्य/निर्माण व्यवसायीको नाम**	**सम्झौता अंक(मुअक सहित)**	**सम्झौता मिति**	**सम्पन्न गर्नुपर्ने सुरु मिति**	**म्याद थप पछिको अन्तिम मिति**	**कैफियत**
४९८/२०८०/०३।२४	बयरघारी ओसेक डाँडाकोट बानेथोक ग्रास(अंगेर भंगेर निर्माण सेवा)	८०८४१८७	६५६३१	६५८३०	६५९५७	सम्बन्धित निर्माण व्यवसायिले २०८०/०३/०१ मा निवेदन दिएको भएता पनि दर्ता किताबमा रितपूर्वक दर्ता नभएको
१६/२०८०/०२/२१	जनप्रिय सेकेन्डरी स्कुल निर्माण एस एस वालिङ निर्माण सेवा	५९९५८२९	६५६३१	६५८३०	६५९५७	सम्बन्धित निर्माण व्यवसायिले २०८०/०३/०१ मा निवेदन दिएको भएता पनि दर्ता किताबमा रितपूर्वक दर्ता नभएको
५००/२०८०/०३/२४	सुन्दरबजार-थालेखर्क-स्वरेक मैदान सडक	११०२५६७२	६५६३१	६५८३०	६५९५२	सम्बन्धित निर्माण व्यवसायिले २०८०/०३/०२ मा निवेदन दिएको

	स्तरोन्नती (जेनस निर्माण कम्पनी)					भएता पनि दर्ता किताबमा रितपूर्वक दर्ता नभएको

६२ **अबण्डा बजेट राखि आर्थिक सहायता** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीयआर्थिकअवस्था समेतकोआधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणकाआधार तयार गरी स्रोतअनुमान तथा सीमा निर्धारणकाआधारमाअबण्डा नराखी आय–व्ययकोअनुमान पेस गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहले यो बर्ष देहायका विषयहरुमा योजना एवं कार्यक्रमगत रुपमा बजेट बाँडफाँड नगरी अबण्डामा राखेको देखियो ।

सि.न.	**मिति**	**भौ.न.**	**कार्यक्रम/क्रियाकलापको नाम**	**विवरण**	**रकम**
१	०७९।०६।१३	३५	विपन्न वर्ग वस्तुगत सहायता कार्यक्रम	संगल्न विवरण बमोजिम पञ्चरत्न प्लाष्टिक इन्ड्रट्वजलाई भुक्तानी	१२६६०३
2.	०७९।१०।१९	२४९	विपन्न वर्ग वस्तुगत सहायता कार्यक्रम	ठुलीभञ्ज्याङ्ग गाए शहरलाइ सामान वापतको रकम भुक्तानी	४५४१०६
३	०७९।११।०१	२७७	विपन्न वर्ग वस्तुगत सहायता कार्यक्रम	विपन्न वर्गको सामान वापतको रकम ठुली	६४७०२४
४	०७९।११।०१	२२८	विपन्न वर्ग वस्तुगत सहायता कार्यक्रम	संलग्न विल बमोजिमको रकम भेष बहादुर रानाको नाममा सो.भ.	८४००
५.	०७९।११।०२	२९१	विपन्न वर्ग वस्तुगत सहायता कार्यक्रम	संलग्न निबेदन तथा बिल बमोजिम चापागाइ सप्लायर्स लाइ भुक्तानि ।	४२२८३

६	०७९।११।११	३०३	विपन्न वर्ग वस्तुगत सहायता कार्यक्रम	ओम हार्डवयर सेण्टरलाय वस्तुगत सहायता वापतको रकम भुक्तानी	१३८८४१०
७	०७९।११।११	३०९	विपन्न वर्ग वस्तुगत सहायता कार्यक्रम	पञ्चरत्न प्लाष्टकको लिन पर्ने रकम कटाइ बांकी रकम भुक्तानी	१०६१८३
८	०७९।११।२०	३६६	विपन्न वर्ग वस्तुगत सहायता कार्यक्रम	संलग्न विल बमोजिमको रकम कर्माचार्य सप्लायर्सलाइ भुक्तानी	२०९६१.२५
९	०७९।०८।२५	१३०	विपन्न वर्ग वस्तुगत सहायता कार्यक्रम	संलग्न विल बमोजिमको रकम कर्माचार्य सप्लायर्सलाइ भुक्तानी	१९३२०३
१०	०७९।८।२९	१५८	विपन्न वर्ग वस्तुगत सहायता कार्यक्रम	संलग्न कागजात बमोजिमको रकम श्रेष्ठ सप्लायर्सलाइ भुक्तानी	७००८२
११	०७९।०९।२४	२११	विपन्न वर्ग वस्तुगत सहायता कार्यक्रम	संलग्न विल बमोजिमको रकम कर्माचार्य सप्लायर्सलाइ भुक्तानी	२९७३७
१२	०७९।१०।०९	२६६	विपन्न वर्ग वस्तुगत सहायता कार्यक्रम	संलग्न विवरण बमोजिमको रकम श्रेष्ठ इन्टरप्राइजेको नाममा रकम भुक्तानी	८११०
१३	०७९।१०।११	२४९	विपन्न वर्ग वस्तुगत सहायता कार्यक्रम	ठुलीभञ्याङ्ग गाए शहरलाइ सामान वापतको रकम भुक्तानी	६०००००
१४.	०७९।११।१९	३२९	विपन्न वर्ग वस्तुगत सहायता कार्यक्रम	संलग्न विल बमोजिमको रकम थापा इलेक्ट्रिकललाइ भुक्तानी	१८४९५
१५	०७९।१२।२०	३६६	विपन्न वर्ग वस्तुगत सहायता कार्यक्रम	संलग्न विल बमोजिमको रकम कर्माचार्य सप्लायर्सलाइ भुक्तानी	१५०६८

१६	०८०।३।११	५७१	विपन्न वर्ग वस्तुगत सहायता कार्यक्रम	संलगन विल बमोजिमको रकम रुक्मागत पौडेलको नाममा सो भ	१४९४०
१७	०८०।३।२२	६५८	विपन्न वर्ग वस्तुगत सहायता कार्यक्रम	संलग्न विल बमोजिमको रकम पञ्चरत्न लाई भुक्तानी	३९९७२
१८	०७९।०६।११	१७	आर्थिक सहायता तथा पुनस्थापना कार्यक्रम	रुक्मागत पौडेलको नाममा सो भ	५०००००
१९	०७९।०७।०३	६८	आर्थिक सहायता तथा पुनस्थापना कार्यक्रम	संलग्न विल बमोजिमको रकम रुक्मागत लाई भुक्तानी	५०००००
२०	०७९।०८।०७	१०४	आर्थिक सहायता तथा पुनस्थापना कार्यक्रम	संलग्न विल बमोजिमको रकम विभिन्न लाई भुक्तानी	२१००००
२१.	०७९।०८।०७	२९६	आर्थिक सहायता तथा पुनस्थापना कार्यक्रम	संलग्न विल बमोजिमको रकम रुक्मागत लाई भुक्तानी	४२०००
२२	०७९।०९।२४	२०९	आर्थिक सहायता तथा पुनस्थापना कार्यक्रम	उपचार वापतको रकम विभिन्नलाई भुक्तानी	७००००
२३	०८०।०१।०३	४०१	आर्थिक सहायता तथा पुनस्थापना कार्यक्रम	संलग्न विल बमोजिमको रकम रुक्मागत लाई भुक्तानी	१३६०००

(विस्तृत विवरण बेरूजु दफा ६२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६३ **पाइप जडान नभएको** -सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले गो भौ नं ३०२।२०७९।११।१० बाट रु १०६१८३।मा पाइप खरिद गरी पञ्चरत्न प्लास्टिक इन्डस्ट्रिज प्रा लि लाई भुक्तानी गरेको देखिन्छ । उक्त पाइप जडान कार्यको प्राविधिक मुल्यांकन वेगर भुक्तानी गर्दा कामको प्रभावकारीता नहुने साथै खरिद भएको मालसामानको जडानको प्रमाण पेश नहुँदा वास्तिवक कार्य भए नभएको सम्बन्धमा एकिन गर्न नसकिने हुँदा उक्त पाइप जडान कार्यको प्राविधिक पुष्टाई सहितको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,०६,१८३

६४ **ग्याबिन जाली खरिद** - सार्वजनिक खरिद ऐनको नियम ५क मा सार्वजनिक निकायको प्रमुखले कुनै मालसामान खरिद गरिद गर्नु अघि स्पेशिफिकेसन, योजना, डिजाईन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नु वा गराउनुपर्ने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले भुक्तानी गर्नु पुर्व आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमका भए वा नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने उल्लेख छ। त्यसै गरी नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । कार्यालयले गो भौ नं २४४।२०७९।१०।१८ बाट ग्याविन जाली खरिद वापत मुल्य अभिवृद्धि कर समेत रु १७९९५२।०० एन पी ग्याबियन जि आइ कम्पनी प्रा लिलाई भुक्तानी गरेको छ।यसरी खरिद गरेको तारजालीको जडानको प्रमाण पेश नगरेबाट खरिद आवश्यकता पहिचान नगरी खरिद कार्य भएको देखिन्छ।यस बाट कार्यालयको खरिद व्यवस्थापन प्रभावकारी नभएको देखिन्छ।यसरी आवश्यकताको पहिचान नगरी मालसामान खरिद गर्दा एकातर्फ सार्वजनिक कोष माथि व्ययभार थपिन्छ भने अर्को तर्फ खरिद गरेर प्रयोग नगर्दा कामको प्रभावकारीता नहुने हुन्छ र कार्यालयको सेवा प्रवाह प्रभावित हुने हुन्छ। यसरी भुक्तानी भएको रकम वरावर को तारजालीको प्रमाण एकिन हुनेगरि खपत भएको परिमाण तथा मौज्दातको अवस्था एकिन हुने प्रमाण पेश गर्नुपर्ने रु...

प्रमाण पेश नगरेको	१,७९,९५२

६५ **मेयरकप रनिङ शिल्ड प्रतियोगिता** -गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा बजेट तथा कार्यक्रमको अधिनमा रही सरकारी रकम खर्च गर्नपर्ने व्यवस्था छ । तर कार्यालयले मेयर कप रनिङ शिल्डका लागि विनियोजित बजेटलाई खेल प्रतियोगिता आयोजना नगरी विभिन्न क्लबका नाममा रु ६४०८४०। भुक्तानी गरेको पाइयो ।बजेट विनियोजन गर्दा रनिङ शिल्ड प्रतियोगिताका नाममा विनियोजन गरेकोमा उद्देश्य बमोजिम खेलकुद प्रतियोगिता आयोजना गरी युवालाई स्वास्थ्य प्रबर्धन तथा मनोरञ्जनात्मक क्रियाकलापमा समेत प्रोत्साहन गर्नुपर्नेमा आर्थिक कानुन तथा बजेटको उद्देश्य तथा सिद्धान्त विपरीत विभिन्न युवा क्लबका नाममा भुक्तानी गरेको रकम अनियमित देखिएको रु

अनियमित भएको	६,४०,८४०

६६ **पेश्की बाँकी** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेश्की दिने तथा फछ्यौट गर्ने सम्वन्धी व्यवस्था छ। जसअनुसार कार्यालयले देहायअनुसार म्याद समाप्त भएको पेश्की हालसम्म फछ्यौट नगरेकोले उक्त पेश्की फछ्यौट गर्नुपर्ने रु..

पेश्कीको विवरण	**पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम**	**म्याद नाघेको**	**म्याद ननाघेको**
सडक निर्माण	ग्लोबल रुप जे भी	-	१२०००००

तटबन्ध तथा बाँध निर्माण	जेनस निर्माण सेवा	-	३०९०००
झोलुङ्गे पुल निर्माण	इन्टरटेक प्रा लि	-	८३००००
आमा समूह शौचालय निर्माण	ओम शिवजी आमा समूह शौचालय निर्माण	६००००	-
सडक निर्माण उपभोक्ता समिति	ठूली भञ्याङ चराङ सिरकोट उपभोक्ता समिति	१३५०००	-
उर्वरायुक्त जमिन संरक्षण	दमै गाउँ उपभोक्ता समिति	२०००००	-
मन्दिर निर्माण	दहथुम शिव मन्दिर पूर्णता उपभोक्ता समिति	३००००	-
रयालु रिजु गोरेटो बाटो पि सी	रयालु रिजु गोरेटो बाटो पि सी सि आयोजना उपभोक्ता समिति	४५०००	-
झोलुङ्गे पुल निर्माण उ स		५०९२६५	-
जम्मा		९७९२६५	२३३९०००

पेश्की	९,७९,२६५

६७ **क्याम्पसलाई अनुदान** -संविधानको अनुसूचीमा संघीयता कार्यान्वयनका सम्बन्धमा तीनै तहका सरकारको कार्यक्षेत्र स्पष्ट उल्लख गरिएको छ जस अनुसार अनुसूची ८ मा स्थानीय तहको अधिकार सूचीमा आधारभूत र माध्यमिक शिक्षा रहेको छ। पालिकाले संविधानले तोकेको अधिकारक्षेत्रको उल्लंघन गर्दै कालिका क्याम्पस र दहथुम क्याम्पसलाई जनही रु ७५००००। का दरले रु १५०००००। अनुदान दिएको नियमित नदेखिएको रु...

अनियमित भएको	१५,००,०००

६८ **शीर्षक फरक पारी खर्च** -गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा खर्च गर्दा स्वीकृत बजेट तथा सम्बन्धित खर्च शीर्षकबाट गर्नुपर्ने व्यवस्था छ ।नमुना परीक्षण गर्दा कार्यालयले निम्न खर्चहरुमा फरक खर्च शीर्षकबाट खर्च लेखेको पाइयो ।अतः फरक खर्च शीर्षकबाट खर्च लेखेको रकम अनियमित देखिएको रु ...

गो भौ नं मिति	**विवरण**	**खर्च लेखेको शीर्षक**	**खर्च लेख्नुपर्ने शीर्षक**	**रकम**
६९९।२०८०।०३।२४	परामर्श सेवा खरिद	कर्मचारी तालिम २२५११	सेवा तथा परामर्श खर्च २२४००	३१६३४४
६१०।०८०।०३।१९	पदाधिकारीहरुको अवलोकन भ्रमण	सीप विकास तथा जनचेतना तालिम २२५१२	अवलोकन भ्रमण	६०००००
३७६।२०७९।१२।२७	इन्टरनेट महशुल	कर्मचारी तालिम २२५११	संचार महशुल २२११२	२०६२००
जम्मा				११२२५४४

अनियमित भएको	११,२२,५४४

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: भीरकोट नगरपालिका, स्याङजा , भीरकोट नगरपालिका , स्याङजा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	खुमलाल भुसाल	२०७७-१२-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	जब्बर अलि मियाँ	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरणः

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,२७८,३८२	६,३२०,५९९	४२,८८४,२१८	०	०	९७९,२६५
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					५१,४६२,४६४
प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.					३५,४८३,०९१.६१

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
संपरीक्षणबाट थप भएको बेरुजू रु.					१०,०००,०००
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					२५,९७९,३७२.३९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४०८४९२२३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३९२४८४२४४.२७	**चालु खर्च**	४०१३६४११४.६२
प्रदेश सरकारबाट अनुदान	२०७९४३७५	**पूँजीगत खर्च**	१४६१७३३२७.१५
राजश्व बाँडफाँट	६२२२९४९९.२	**वित्तीय/अन्य व्यवस्था**	१७७८५०१८७
आन्तरिक आय	५४४८६४७२.८५		
अन्य आय	१७७१७४५५१		
कुल आय	७०७१६९१४२.३२	**कुल खर्च**	७२५३८७६२८.७७
बाँकी मौज्दात		२२६३०७३६.५५	

बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची -३

क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		६३,१२,६९,०००.००	५२,९९,९४,५९१.३२	०	५२,९९,९४,५९१.३२
११००० कर	११	१०,८३,४५,०००.००	९,३७,६४,७३६.७२	०	९,३७,६४,७३६.७२

१३००० अनुदान		४५,६२,२४,०००.००	४१,३२,७८,६१९.२७	०	४१,३२,७८,६१९.२७
संघीय सरकार	१२	४३,३१,३९,०००.००	३९,२४,८४,२४४.२७	०	३९,२४,८४,२४४.२७
प्रदेश सरकार	१२	२,३०,८५,०००.००	२,०७,९४,३७५.००	०	२,०७,९४,३७५.००
१४००० अन्य राजस्व		३,१७,००,०००.००	२,२९,५१,२३५.३३	०	२,२९,५१,२३५.३३
३२००० वित्तीय सम्पत्ति		३,५०,००,०००.००	०	०	०
ख. अन्य प्राप्ति			३६,२७,२८७.००		३६,२७,२८७.००
वितरण गर्न बाकी राजस्व		०	०	०	०
कोषहरु		०	०	०	०
धरौटी		०	३६,२७,२८७.००	०	३६,२७,२८७.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०
भुक्तानी (ग+घ)		६२,५२,६९,०००.००	५५,२०,३९,५७४.७७		५५,२०,३९,५७४.७७
ग. भुक्तानी (सञ्चित कोषबाट)		६२,५२,६९,०००.००	५४,७७,३६,६५१.७७		५४,७७,३६,६५१.७७

२१००० पारिश्रमिक / सुविधा	१८	४,१४,६६,०००.००	३,७३,५९,३३४.७०	०	३,७३,५९,३३४.७०
२२००० मालसामान तथा सेवाको उपयोग	१८	१५,२०,२६,६५०.००	११,३४,९५,९७५.६५	०	११,३४,९५,९७५.६५
२५००० सहायता (Subsidy)	१८	१५,००,०००.००	११,५०,०००.००	०	११,५०,०००.००
२६००० अनुदान	१८	२६,५१,१२,६४०.००	२४,८०,२४,१८७.२७	०	२४,८०,२४,१८७.२७
२७००० सामाजिक सुरक्षा	१८	२,२५,०००.००	१५,०००.००	०	१५,०००.००
२८००० अन्य खर्च	१८	१८,००,०००.००	१५,१८,८२७.००	०	१५,१८,८२७.००
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	१६,३१,३८,७१०.००	१४,६१,७३,३२७.१५	०	१४,६१,७३,३२७.१५
घ. अन्य भूक्तानी			४३,०२,९२३.००		४३,०२,९२३.००
कोषहरु		०	०	०	०
धरौटी		०	४८,५७,३००.००	०	४८,५७,३००.००

संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			(५,५४,३७७.००)		(५,५४,३७७.००)
ङ. यो वर्षको बचत (न्युन)		६०,००,०००.००	(१,८४,१७,६९६.४५)		(१,८४,१७,६९६.४५)
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			४,०८,४९,२२३.००		४,०८,४९,२२३.००
वर्षान्तको बाकी रकम (ङ + च)		६०,००,०००.००	२,२४,३१,५२६.५५		२,२४,३१,५२६.५५
बैंक तथा नगद बाकी	२४		२,२५,५४,५६०.५५		२,२५,५४,५६०.५५

अन्तरसरकारी वित्त हस्तान्तरणतर्फः

आम्दानी शिर्षक	**रकम**	**खर्च शिर्षक**	**रकम**
सामाजिक सुरक्षा तथा संरक्षण	१६६०२९५७८	सामाजिक सुरक्षा तथा संरक्षण	१६६०२९५७८
गरीबसँग विशेश्वर कार्यक्रम	४६३०००	गरीबसँग विशेश्वर कार्यक्रम	४६३०००

पर्यटन पूर्वाधार विकास आयोजना	७१६०००	पर्यटन पूर्वाधार विकास आयोजना	७१६०००
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम	९९६५९७३	प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम	९९६५९७३
जम्मा	**१७७१७४५५१**	**जम्मा**	**१७७१७४५५१**

बेरूजु दफा ३४ सँग सम्बन्धित विवरण - अनुसूची -४

बेरूजु दफा ६२ सँग सम्बन्धित विवरण - अनुसूची -५

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	**बेरुजुको विवरण**	**रकम**
१	गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय नियमावली २०७९ को नियमावली २७ बमोजिम आर्थिक वर्ष समाप्त हुनु अघि भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले मलेनिकाको सिस्टम बन्द भैसकेपछि मेनुअल गो भौ नं सृजना गरी सुत्र बाहेकको खर्चबाट भुक्तानी दिएकोले नियमसंगत नदेखिएको रु	10000000.00